सञ्चार कार्यविधि सम्बन्धी

ऐच्छिक उपलेखको बारेमा बालबालिका तथा किशोर किशोरी माझ बुझाई अभिवृद्धि गर्न

बालअधिकार सम्बन्धी महासन्धिको सञ्चार कार्यविधि सम्बन्धी ऐच्छिक उपलेख

आभार

यो पुस्तक तयार गर्न सहयोग तथा योगदान गर्ने सबैजनालाई हामी हार्दिक आभार व्यक्त गर्न चाहान्छौं ।

यो पुस्तकको प्रारम्भिक मस्यौदा रूजु गन, भाषा परिष्कृत गर्ने तथा यस प्रकाशनको नक्सांकनका निमित्त महत्वपूर्ण दिग्दर्शन दिने सबै बालबालिका तथा किशोर किशोरीहरू लगायतः इन्डोनेशिया स्थित केयरिङ टिन कम्यूनीटीका बालबालिका तथा किशोर किशोरी, जापान स्थित सोकेइ गाकुइन (SHOKEI GAKUIN) माध्यमिक विद्यालयका केटाकेटीहरू, लाइवेरिया स्थित बालबालिका विरूद्ध हुने हिंसा सम्बन्धि राष्टिय बालबालिका तथा किशोर किशोरी सल्लाहकार समितिका सदस्यहरू तथा फिलिपिन्स स्थित नाकामाटा (NAKAMATA) का सदस्य/अधिकारीहरू लाई अगाध आभार व्यक्त गर्न चाहन्छौं ।

यस पुस्तकको कार्यस्थल परिक्षण (Field Testing) गर्न तथा बालबालिकाको सहभागिता सुनिश्चित गर्ने सेजीवा फाउण्डसन (SEJIWA Foundation) का दारिसेना आर्सेला (Dairisena Arsela) र हेलेन चित्रा देवी (Hellen Chitra Devi); वालअधिकार गठबन्धन एशिया का मेलानी रामोस–लाना (Melanie Ramos-Llana); सोकेइ गाकुइन विश्वविद्यालयका प्राध्यापक तथा बालबचाउ जापानका उच्च सल्लाहाकार अकिहिका मोरिता (Akihiko Morita); प्लान लाइवेरियाका मिकु कुन्दो (Miku Kundo); यासुको ससाकी (Yasuko Sasaki); तम्बा न्योमा (Tamba Nyuma); WARO VAC PM का Nathalia Nqende; डिफेन्स फर चिल्ड्रेन–लाइवेरीयाका Janet Kamara; MAGCRP-Mindanao Action Group for Child Rights and Protection का वकालत अधिकृत Mark Timbang; चाइल्ड राइटस कनेक्ट; प्लान इन्टरनेशनल; सेभ द चिल्डन; Tambayan Center for Children's Rights, Inc. सबै प्रति हामी आभारी छौं । यस पुस्तकको विभिन्न मस्यौदाहरूमा तर्कपूर्ण टिप्पणी तथा सुझावहरूका लागि हामी हाम्रा साझेदारहरूलाई पनि हार्दिक धन्यवाद दिन चाहान्छौं ।

- Jorge Cardona, बाल अधिकार सम्बन्धि समिति (CRC)
- Lisa Myers and Anita Goh, Child Rights Connect
- सेभ द चिल्डन
- प्लान इन्टरनेशनल
- वल्ड भिजन

हामी आर्थिक सहयोगको निमित्त ओक फाउन्डशन (OAK Foundation) प्रति आभारी छौं ।

Planet You का Jason Robinson ले कला संयोजन तथा नक्साङ्कन सहयोग गर्नु भएको छ भने चित्रण Qin Cheng ले गर्नु भएको हो ।

प्रिय पाठकवृन्द,

संसारभर सरकार, संघ संस्था तथा मानिसहरू बाल अधिकार सुनिश्चित गर्न र बालबालिका तथा किशोर किशोरीलाई हिंसाबाट संरक्षण गर्न प्रतिवद्ध छन । बालबालिकाको सुरक्षीत बालापनका निमित्त पछिल्ला वर्षहरूमा धेरै महत्वपूर्ण प्रतिज्ञा तथा प्रतिबद्धताहरू भएका छन । यस्ता महत्वपूर्ण प्रतिज्ञा तथा प्रतिबद्धताहरूको बारेमा जानकारी राख्नु महत्वपूर्ण हुन्छ किनकि यसबाट आफना अधिकारहरूको बारेमा जानकारी हुन्छ र आफु सुरक्षित रहने र हिंसाबाट संरक्षण प्राप्त गर्न सकिने अवसरहरू समेत प्राप्त हुन्छ ।

तपाइहरूले यस पुस्तकमा बाल अधिकार हनन भएको अवस्थामा संरक्षण तथा सहयोग प्रदान गर्न प्रतिबद्धताहरू को वृतान्त थाहा पाउने हुनेछ । त्यस्ता प्रतिबद्धताहरू बालबालिका सम्बन्धि महासन्धिको सञ्चार कार्यविधि सम्बन्धि उपलेखमा प्राप्त गर्नु हुनेछ । जसलाई छोटकरीमा ओ.पि.सि.पि (OPCP)वा संचार कार्यविधि भनिन्छ ।

यो पुस्तकमा तपाइहरूले निम्न कुराहरूको जानकारी पाउनु हुनेछ :

१. संयूक्त राष्ट संघ भनेको के हो ?

२. महासन्धि भनेको के हो र ऐच्छिक उपलेख भनेको के हो ?

३. सञ्चार कार्यविधि भनेको के हो ?

४. अन्य धेरै सहयोगी सुचनाहरू

यो पुस्तकले सञ्चार कार्यविधि सम्बन्धि संक्षिप्त जानकारी प्रदान गर्दछ । यसमा आधिकारीक दस्तावेजका महत्वपूर्ण बदाहरूलाई मात्र उल्लेख गरिएको छ र धेरै विवरण यसमा समावेश गरिएको छैन । तपाईंहरूमा धेरै जिज्ञाशा छ वा कानुनी प्रयोजनको लागि सञ्चार कार्यविधि उपयोग गर्नु छ भने हामी तपाइहरूलाई यसको आधिकारीक दस्तावेज प्रयोग गर्न सुझाव गर्दछौं । यस सम्बन्धि **"आफनो अधिकार बारे बोल–ओ पि ३ सि आर सी"** नामको अर्को पुस्तक छ जसले सञ्चार कार्यविधि सम्बन्धि ऐच्छिक उपलेखको बारेमा बालबालिका, किशोर किशोरी तथा बालबालिकाले नेतृत्व गरेका संस्थाहरूका निमित्त धेरै उपयोगी सुचनाहरू प्रदान गर्दछ । (यस सम्बन्धि श्रोत साधनहरू को वेभ लिङ्क यस पुस्तकको अन्त्यमा प्राप्त गर्न सक्नुहुनेछ) ।

यस पुस्तक बाट पाएको जानकारी अन्य मानिसहरू खासगरी बालबालिका तथा किशोर किशोरी, आफनो परिवार, स्कुल तथा समुदायमा बाडनको लागि पाठकहरूलाई प्रोत्साहित गर्दछौं । हामी तपाइहरूलाई यस बारे आफनो इन्टरनेट समुदाय संग बाडन पनि हौसला दिन्छौं । यस पुस्तकबाट प्राप्त जानकारी र हिंसा बाट आफुलाई कसरी सुरक्षित गर्ने भन्ने सम्बन्धमा आफना साथीहरूमाझ छलफल गर्नुहोस । बालबालिका तथा किशोर किशोरीको अधिकारको बारेमा काम गर्ने शिक्षक शिक्षिका, बालबच्चा हेरालु तथा बाल संरक्षण संघ संस्थाहरू पनि यस पुस्तकबाट लाभान्वीत हुनेछन । यदि तपाई सञ्चार कार्यविधि सम्बन्धि ऐच्छिक उपलेखको बारेमा विस्तृत जानकारी प्राप्त गर्न चाहनु हुन्छ अथवा कुनै कार्य आरम्भ (Take Action) गर्न चाहनु हुन्छ भने कृपया यस पुस्तकको अन्तमा रहेको अनुसन्धान तथा वकालत खण्ड हेर्नुहोस ।

भवदीय,

मार्ता सन्तोस पायस, बालबालिका विरुद्ध हुने हिंसा सम्बन्धि स.रा.सं.महासचिवका विशेष प्रतिनिधि

शुभारम्भ,

यस ऐच्छिक उपलेख (ओपिसिपि) को बारेमा छलफल गर्नु अगाडि, आउनुहोस यस पुस्तक संग सरोकार भएका केही मुख्य शब्दावली तथा मुद्दाहरूको बारेमा बुझौं ।

मानव अधिकार भनेको के हो ?

मानव अधिकार प्रत्यक बालबालिकाका लागि पनि उही हुन । केही मानव अधिकार तपाईको स्वास्थ्य तथा लालनपालन/हुर्काइ संग सरोकार राख्दछन । उदाहरणका लागि खाना, पानी, वास, तथा आधारभुत स्वास्थ्य प्राप्त गर्ने तपाईको अधिकार । तपाईका केही मानव अधिकार तपाइलाई अरूले कसरी व्यवहार गर्नु पर्दछ भनने विषय संग सम्बन्धित हुन्छन । तपाईलाई उचित व्यवहार र सम्मान प्राप्त गर्ने अधिकार हुन्छ । तपाईका केही अधिकार तपाईको हेरचाह, विकास तथा समुदायको हिस्सा हन पाउने विषय संग सम्बन्धित हुन्छन । शिक्षा, विचारको स्वतन्त्रता, सुचना प्राप्त गर्ने अधिकार तथा तपाई संग सरोकार राख्ने वा तपाईलाई असर गर्ने विषय संग सम्बन्धित विषयमा हुने निर्णयमा सहभागी हुन पाउने तपाईका अधिकारहरू हुन । सबैप्रकारका हिंसाबाट संरक्षण प्राप्त गर्ने अधिकार तथा तपाई को हो र कहाँ बाट आउनुभयो भन्ने आधारमा हुने विभेद विरूद्ध समानता पनि तपाईको अधिकार हो ।

संयुक्त राष्ट संघ भनेको के हो ?

संयुक्त राष्ट्र संघ अथवा छोटकरीमा सरासं विभिन्न विभाग तथा शाखाहरू मिलेर बनेको अन्तराष्ट्रिय संगठन हो । यो यस्तो ठाउँ हो जहाँ संसारका सबै देशहरू समस्याहरूको बारेमा छलफल गर्न सक्छन र आफूसंग सरोकार रहने मुद्दाहरूमा सहमतिमा पुग्छन । संसार भर शान्ति र अमन चयन बनाई राख्नु सरास को मुख्य भुमिका हुनुका साथै यसले अन्य मुद्दाहरू जस्तै वातावरण, स्वास्थ्य, वालवालिका, महिला, तथा अपाङ्गता भएका मानिसको संरक्षण लगायत धेरै काम गर्दछ । मानव अधिकारको संवर्धन तथा प्रवर्धन गर्न सरास ले विभिन्न कामहरू गर्दछ । यसले सन्धि, महासन्धि, उपसन्धि (आलेख,उपलेख) हरूको निर्माण गर्दछ । जुन केटी, केटा, महिला, पुरूष र सम्पूर्ण ब्रमाण्डको संरक्षण गर्ने कुरामा सरोकार राख्दछ ।

महासन्धि भनेको के हो ?

महासन्धि भनेको केटी, केटा, महिला, पुरूष र सम्पूर्ण बमाण्डको संरक्षण गर्न सरकारहरू द्वारा निर्माण गरिएको कानुनी लिखित दस्तावेज हो । महासन्धिमा सरकारहरूले विभिन्न मुद्दाहरू (जस्तो : महिला तथा बाल अधिकार) मा गरेका प्रतिज्ञाहरूलाई सुचिकृत गरिएको हुन्छ । यस्ता प्रतिज्ञा वा प्रतिवद्धताहरू अन्तर्राष्टय कानुन हो र राष्ट्रहरूले यसको सम्मान गर्नु पर्दछ । यो सरकारका निमित्त सल्लाह वा सुझाव मात्र होइन ।

बाल अधिकार सम्बन्धि महासन्धि भनेको के हो ?

सन १९८९ नोभेम्बर २० का दिन सरास महासभाले बालबालिका सम्बन्धि संयूक्त राष्ट्र संघिय महासन्धि पारीत गरयो । यसलाई सि आर सि भनेर पनि बुझिन्छ । सि आर सि ले संसारभर सबै बालबालिकाका, प्रत्यक केटा र केटाको, मानव अधिकारलाई मान्यता प्रदान गरेको छ । सि आर सि इतिहासमै सबै भन्दा धेरै राष्टहरूले स्वीकार गरेको मानव अधिकार महासन्धि हो ।

अनुमोदन भनेको के हो ?

जब सरकारले महासन्धिलाई स्वीकार वा अनुमोदन गर्दछ, सरकारले यसलाई स्वीकार गरीएको रूपमा बुझिन्छ र सो राष्ट्रको निमित्त कानुनी दायित्वको सृजना गर्दछ। अर्को अर्थमा महासन्धिलाई 'अनुमोदन' गर्नु भनेको महासन्धिमा व्यवस्था भएका कुराहरूको कार्यान्वयन गर्ने सरकारी प्रतिवद्धता हो।

ऐच्छिक उपलेख भनेको के हो ?

प्रचलित महासन्धि को पुरक खण्डको रूपमा र सरकारले सम्मान गर्नु पर्ने नयाँ प्रतिवद्धताहरू समावेश गर्न ऐच्छिक उपलेख तयार गरिन्छन। जस्तैः यौनजन्य दुर्ब्यवहारबाट बालबालिकाको संरक्षण गर्न अथवा शशस्त्र द्वन्द बाट बालबालिकाको संरक्षणलाई अझ सबलिकरण गर्न। ऐच्छिक उपलेखको पनि अनुमोदन गनु पर्दछ र सरकारले अनुमोदन गरेपछि यो महासन्धि सरहनै लागु हुन्छ।

उदाहरणका लागि बालअधिकार सम्बन्धि महासन्धिका तीन वटा ऐच्छिक उपलेखहरू छन। पहिलोले शशष्त्र द्वन्द को अवस्थामा बालबालिकाको संरक्षणको सवाल सम्बोधन गर्दछ ; दोस्रोले बालबालिकाको वेचविखन, यौन शोषण जस्ता सरोकारका विषयहरूको सम्बोधन गर्दछ ; र तेस्रो सञ्चार कार्यविधिसंग सम्बन्धित छ र यसले बालवालिका वा तिनीहरूका प्रतिनिधिले बालअधिकार हनन को विरूद्ध कसरी उजुरी दर्ता गर्ने भन्ने विषयलाई सम्बोधन गर्दछ।

सञ्चार कार्यविधि भनेको के हो ?

धेरै महासन्धिहरूमा सञ्चार कार्यविधि वा उजुरी कार्यविधि भन्ने व्यवस्था गरिएको हुन्छ। उजुरी कार्यविधि तव प्रयोग हुन्छ जब व्यक्ति वा व्यक्तिहरूको समुहले आफनो अधिकार हनन भएको महसुस गर्दछन। उनीहरू उजुरी गर्न सक्षम हुनेछन र अन्तर्राष्टिय स्तरमा रहेको समितिले यस्तो उजुरीको पुनरावलोकन गर्दछ। यस पुस्तकमा उल्लेख भएको सञ्चार र उजुरी दुवै शब्दले एकै अर्थ बुझाउँछ।

समिति भनेको के हो ?

समिति स्वतन्त्र विज्ञहरूको एक समुह हो जसले सरकार वा राष्ट्रद्वारा अनुमोदित महासन्धिमा व्यवस्था भए बमोजिम सरकारले गरेका प्रतिबद्धताहरू कसरी कार्यान्वयन गरिरहेका छन भनेर अनुगमन गर्ने काम गर्दछ। उनीहरूले प्रतिवेदन तथा उजुरीहरूको अध्ययन पुनरावलोकन गर्दछन र वस्तुस्थिति मा परिवर्तन वा सुधार ल्याउन कस्ता उपायहरू अवलम्बन गन पर्दछ भनि निर्णय गर्ने र सुझावहरू दिने गर्दछन। 'स्वतन्त्र विज्ञ' भन्नाले समितिका ती व्यक्तिहरू जसले कुनै सरकार वा संस्थाको प्रतिनिधिको हैसियतले काम गर्दैनन भन्ने वुझाउँछ।

बालअधिकार सम्बन्धि समिति

बालअधिकार सम्बन्धि समिति १८ जना अन्तर्राष्ट्रिय ख्याती प्राप्त बालअधिकार विज्ञहरूका एक समुह हो जसले सरकार वा राष्टद्वारा अनुमोदित बालअधिकार सम्बन्धि महासन्धिमा व्यवस्था भएबमोजीम सरकारले गरेका प्रतिबद्धताहरू कसरी कार्यान्वयन गरिरहेका छन भनेर अनुगमन गर्ने काम गर्दछन। बालअधिकार महासन्धि अनुमोदन गने सबै सरकारहरूले आ–आफनो राष्टमा बालबालिकाको अधिकारको संरक्षण एवं सम्बर्धन कसरी गरिरहेको छ भनेर निरन्तर प्रतिवेदनहरू समिति समक्ष पेश गर्नु पर्दछ।

यस सम्बन्धमा अझै धेरै जान्न चाहनुहुन्छ ?

यस पुस्तकमा भएका धेरै सुचनाहरू '..... के हो' भन्ने स्रोत सामाग्रीबाट साभार गरिएको हो । ती क्रमबद्ध १० स्रोत सामाग्री बालबालिकार तथा किशोरकिशोरी लाई संयुक्त राष्ट्रसंघ को बारेमा विभिन्न जानकारी दिनको निमित्त तयार गरिएको हो । यी सबै श्रोत सामाग्रीबारे यस पस्तकको अन्तमा इन्टरनेट लिङ्क उपलब्ध गराईएको छ र त्यहाँ गएर हेर्न सक्नु हुनेछ ।

संक्षिप्तमा ओ पि सि पि

अब, बालवालिका सम्बन्धी महासन्धिको सञ्चार कार्यविधि सम्बन्धि ऐच्छिक उपलेख, छोटकरीमा ओ पि सि पि, बारे संक्षिप्त चर्चा गरौ । उजुरी कार्यविधि तब प्रयोग हुन्छ जब व्यक्ति वा व्यक्तिहरूको समुहले आफना अधिकार हनन भएको महसुस गर्दछन । उनीहरू अन्तर्राष्टिय स्तरमा रहेको समिति समक्ष उजुरी गर्न सक्षम हुनेछन र उक्त समितिले उजुरीको पुनरावलोकन गर्दछ ।

ओ पि सि पि बालअधिकार सम्बन्धि महासन्धि तथा यसका ऐच्छिक उपलेखहरूको उजुरी कार्यविधि (Complaint Procedure) हो ।

ओ पि सि पि किन महत्वपूर्ण छ ?

यदि बालबालिकाको अधिकार हनन भएको छ र यस्तो अवस्थामा बालबालिकाले आफनो मुलुकमा उपचार तथा न्याय प्राप्त गर्न सक्दैनन भने ओ पि सि पि को माध्यमबाट बालबालिकाले हिंसा, दुर्व्यवहार तथा अन्य अधिकार हननको सम्बन्धमा संयूक्त राष्ट्र संघ समक्ष उजुरी गर्न सक्दछन ।

तर संयूक्त राष्ट्र संघ सबै समस्या समाधान गरी स्थितिलाई अझ राम्रो बनाउने जादुमयी ठाउँ होइन । बालबालिकाका निमित्त सबै भन्दा उत्तम अवस्था भनेको त्यस्तो व्यवस्था (support and system) हो जहाँ उनीहरूलाई आफनै समुदाय र देशमा सुरक्षित राख्न सकियोस र संरक्षण प्राप्तहोस । ओ पि सि पि संरक्षणका घरेलु सम्भावनाहरू समाप्त भएको अन्तिम अवस्थामा (Last Resort) मात्र प्रयोगमा आउँदछ ।

यो किन पनि महत्व पूर्ण छ भने आ पि सि पि को एक प्रमुख उद्दश्य भनेको बालबालिकाका निमित्त स्थानीय तथा राष्टिय स्तरमा बालसंरक्षणका उपयुक्त विकल्पहरूको सृजना गर्न सरकारलाई प्रोत्साहन गर्नु हो । उदाहरणको लागि बाल मैत्री कानुनी व्यवस्था, बालबालिका सम्बन्धि आयोग स्थापना आदि । सरकारहरू यस्ता समस्याहरू स्थानीय स्तरमै समाधान गर्न चाहन्छन र अन्तराष्टिय स्तरमा पुनरावलोकनका निमित्त जाओस भन्ने चाँहदैनन । ओ पि सि पि सरकारहरूले बालबालिकाको निमित्त आवश्यक सेवा तथा सहयोगको सृजना र सुधार आ आफनो मुलुकमा गर्दछन भन्ने आशा राख्दछ र सरकारहरूलाई सो गर्न प्रोत्साहित गर्दछ ।

अर्को अर्थमा बालबालिका माथि हुने दुर्ब्यवहार अथवा बालअधिकार हनन भएका अवस्थामा यदि सरकारले बाल अधिकार संरक्षणका निमित्त राम्रो काम गर्दछ र उचित सहयाग एवं समस्याको उचित समाधान गर्दछ भने ओ पि सि पि को प्रयोगको आवश्यकता नै रहँदैन ।

तर सरकारले बालअधिकार हननको उचित सम्बोधन गर्न र उचित सहयोग प्रदान गर्न सकन भने ओ पि सि पि आकर्सित हुन्छ र त्यसमा संयूक्त राष्ट संघमा उजुरी दिन सकिने विकल्पको व्यवस्था छ ।

तर, हामीले केहि नियमको पालनागर्नको साथै केही पूर्व शर्तहरू अनुसरण गर्नु पदछ । जस्तैः

- प्रथमतः तपाईको सरकारल ओ पि सि पि अनुमोदन गर्नु पर्दछ, अनी मात्र उजुरी गर्न सकिन्छ ।
- तपाईको उजुरो बालअधिकार महासन्धि तथा यसका ऐच्छिक उपलेखहरूमा व्यवस्थित बालअधिकार संग सम्बन्धित हुनु पर्दछ ।
- तपाईको सरकारले यदि बालअधिकार महासन्धि तथा यसका ऐच्छिक उपलेखहरूको अनुमोदन गरेको छन भने यसमा व्यवस्थित अधिकार हनन भयो भनी तपाईले उजुरी गर्न सक्नु हुन्न ।

ओ पि सि पि वारे वृस्तृतमा तलको अध्यायमा छलफल गरिएको छ । जसले यसका नियम तथा सर्तहरू वारे थप जानकारी प्रदान गर्दछ । यो अध्याय पढनु होस र ओ पि सि पि तथा आफनो अधिकार वारे थप बुझन यस पुस्तकमा भएको अनुसन्धान तथा वकालत खण्ड पनि हेर्नुहोस ।

ओ पि सि पि वारे वृहद जानकारी

ओ पि सि पि का २४ विभिन्न धाराहरू (अथवा दफाहरू) छन र यो ४ भागमा विभाजन गरिएको छ ।

भाग एक–सामान्य व्यवस्थाहरू

ओ पि सि पि का सामान्य प्रावधानहरू वारे भाग एक मा छलफल गरिएको छ । यस भागमा वालअधिकार सम्वन्धी समितिको वारेमा व्याख्या गर्न-का साथै ओ पि सि पि का केही आधारभुत नियमहरूको वारेमा व्याख्या गरिएको छ ।

भाग दुइ– सञ्चार कार्यविधि/ उजुरी कार्यविधि

ओ पि सि पि को भाग २ मा कसरी उजुरी दिने वा सञ्चार गर्ने र समितिले त्यस्तो उजुरीको सम्वोधन कसरी गर्ने भन्ने विषयमा व्याख्या गरीएको छ ।

भाग तीन–सोधपुछ प्रकृया

ओ पि सि पि को भाग तीनमा विना उजुरी पनि वालअधिकार हनन का गम्भीर समस्याहरूलाई कसरी अनुसन्धान गर्ने भन्ने व्याख्या गरिएको छ ।

भाग चार–अन्तीम प्रावधानहरू

ओ पि सि पि का अन्य आयामहरूको वारेमा भाग ४ मा छलफल गरिएको छ । उदाहरणका लागी ओ पि सि पि का व्यवस्थाहरू कसरी परिवर्तन गर्न सकिन्छ र ओ पि सि पि सम्बन्धी जानकारीहरू कसरी वाँडन (share) भन्ने सम्वन्धमा व्याख्या गरिएको छ ।

अब ओ पि सि पि का प्रत्येक दफाहरूलाई अलि वृस्तृतमा हेरौँ ।

भाग एक – सामान्य प्रावधानहरू

ओ पि सि पि का सामान्य प्रावधानहरू वारे भाग एक मा छलफल गरिएको छ। यस भागमा वालअधिकार सम्वन्धी समितिको वारेमा व्याख्या गर्न-का साथै ओ पि सि पि का केही आधारभुत नियमहरूको वारेमा व्याख्या गरिएको छ।

धारा १ – बालअधिकार समितिको योग्यता

यस धारामा वालआधिकार समितिले उजुरी ग्रहण गर्ने तथा पुनरावलोकन गर्ने व्यवस्थाको वारेमा व्यख्या गरीएको छ।

यदि तपाईको सरकारले बालअधिकार सम्बन्धी महासन्धि एवं यसका ऐच्छिक उपलेखहरू को अनुमोदन गरेको छैन भने यस महासन्धि तथा उपलेखहरूमा व्यवस्थीत अधिकार हनन भएको अवस्थामा समेत उजुरी गर्न नपाइने विषय चर्चा गरीएको छ।

साथै तपाइको सरकारले यो उपलेख (ओ पि सि पि) अनुमोदन गरेको छैन भने तपाइले पनि उजुरी दिन सक्नु हुने छन।

अनुमोदन वारे विस्तत जानकारी र तपाईका सरकारले अनुमोदन गरे नगरेको थाहा पाउन कृपया यस वेभ साइटमा जानुहोस : www.ratifyop3crc.org/SpeakUp

धारा २ – समितिको कार्य सम्पादन सम्बन्धी सामान्य निर्देशक सिद्धान्तहरू

समितिले सदैव 'बालवालिकको उच्चतम हित' लाई ख्याल गर्नु पर्दछ। यसको मतलब समितिले गर्ने कुनै पनि निर्णयहरू बालवालिकाको निमित्त असल निर्णय हुन पर्दछ। समितिले सम्पुर्ण उजुरी प्रकृया भरि बालवालिकाहरू कुनै पनि नोक्सानी, हिंसा र दुर्व्यवहार बाट पूर्ण रूपमा संरक्षित हुने सुनिश्चित गर्नु पर्दछ र समितिले लिने निर्णय बालवालिकाको निमित्त 'उच्चतम' हुनु पर्दछ।

धारा ३ – कार्यविधिका नियमहरू

समितिले ओ पि सि पि कार्यान्वयनका प्रकृयागत नियमहरू बनाएको हुन्छ। यी नियमहरूमा समितिले उजुरीको ग्रहण तथा पुनरावलोकन कसरी गर्ने र सरकारका लागि कसरी सुझावहरू गर्ने भन्ने सम्बन्धि व्याख्या गरिएको हुन्छ। यस्ता नियमहरूमा समितिले गर्न सक्ने तथा गर्न नसक्ने कामहरूका बारेमा पनि व्याख्या गरिएको हुन्छ। जस्तै समितिले कुनै पनि उजुरीको छानविन अविलम्व अगाडि बढाउनेछ।

समितिले गर्ने काम 'बाल संबेदनसिल' हुनु पर्ने तथा सुचना वा जानकारीहरू बालबालिकाले बुझन सक्ने गरी उपलब्ध गराउनु पर्ने व्यवस्थाको वारेमा पनि धारा ३ मै व्याख्या गरीएको छ। बालबालिकाले समिति समक्ष उजुरी गरेको आधारमा बालबालिकालाई प्रभावित नगर्ने , कुनै लाभ नलिने र कुनै नाक्सानी पुग्न नहुने कुराको सुनिश्चितता समितिले गर्नु पर्दछ। यदि समितिलाई बालबालिकाको हित तथा सुरक्षा सम्बन्धि कुनै चासो सम्बोधन गर्नु पर्ने भएमा, समितिले तत्काल आवश्यक एवं विशेष मापदण्ड ग्रहण गरी उनीहरूको हित संरक्षण गर्न सरकारलाई आग्रह गर्नेछ।

कार्यविधिका नियमहरू (CRC/C/62/3) प्राप्त गर्नको लागि कृपया यस वेभ साइटमा जानुहोस : www.ratifyop3crc.org/material

धारा ४–संरक्षण मापदण्ड

उजरी प्रकृयामा संलग्न सबैको संरक्षण गर्न सरकारले गर्न सक्ने सबै कामहरू गर्नु पर्दछ। सरकारले उजुरवाला, उसको परिवार वा अन्यको अधिकारको संरक्षण गर्नु पर्दछ। उनीहरू बिरूद्ध कुनै पनि दुर्ब्यवहार अथवा धाकधम्की वा छेडखानी हुन नदिने कुराको सुनिश्चितता गर्नु पर्दछ।

उजुरवालाको पहिचान संरक्षीत हुनु पर्दछ र उसको सहमतिविना कुनै पनि सुचना सार्वजनिक गर्नु हुँदैन।

भाग दुई – सञ्चार (उजुरी) कार्यविधि

ओ पि सि पि को भाग २ मा कसरी उजुरी दिने वा सञ्चार गर्ने र समितिले त्यस्तो उजुरीको सम्वोधन कसरी गर्ने भन्ने विषयमा व्याख्या गरीएका छ ।

धारा ५– व्यक्तिगत उजुरी

तल उल्लेखित कसैले पनि समिति समक्ष उजुरी दिन सक्नेछन :-

- कुनै पिडित वा पिडितहरूका समुह जसको अधिकार हनन भएको छ (कुनै पनि उमेरका बालबालिका समेत)
- कुनै बालबालिका वा बालबालिकाको समुहको प्रतिनिधि (जस्तै : वकिल, डाक्टर, साथी वा बाबआमा)

यदि बालबालिकाको प्रतिनिधिले उजुरी दिएको छ भने उक्त उजुरीका सम्वन्धमा पिडित मन्जुर भई सहमति दिएको प्रमाण पेश गर्नु पर्दछ । यदि प्रतिनिधिले पीडितको सहमतिको प्रमाण सलग्न गर्न सम्भव नभएमा त्यसको उपयुक्त कारण पेश गर्नु पर्दछ । जस्त मञ्जुरी प्रदान गर्ने पीडित सहमती गर्न उमेरका कारण असाध्यै सानो भएमा वा पीडित पक्ष उपलब्ध नभएको वा फरार रहेको अवस्था ।

उजुरी बाल अधिकार सम्बन्धि महासन्धि र यसका ऐच्छिक उपलेखहरूमा व्यवस्था भएको अधिकार संग सम्बन्धित हुनु पर्दछ ।

अर्को शब्दमा, महासन्धि र यसका ऐच्छिक उपलेखले मान्यता प्रदान नगरेको अधिकार र त्यसको अवस्था लाई लिएर उजुरी गर्न पाईने छन । साथै तपाईको सरकारले बाल अधिकार सम्बन्धि महासन्धि र यसका ऐच्छिक उपलेखहरूको अनुमोदन गरेको छन भने पनि उसमा भएका अधिकार हननको विषयलाई लिएर उजुरी गर्न पाईने छैन ।

धारा ६ : अन्तरीम मापदण्ड

समितिले उजुरी प्राप्त भएपछि तथा उजुरीको पुनरावलोकन गरि कुनै पनि निर्णय गर्नु अगावै गरिने कार्यहरू अन्तरीम मापदण्ड हुन । बालबालिकाको तत्काल सुरक्षा वारेमा समिति चिन्तित भएमा, समितिले उक्त उजुरीको पुनरावलोकन गरी कुनै निर्णय वा अन्तराम सुझाव नगरे सम्म सरकारलाई बालकको संरक्षणका निमित्त विशेष कार्य सम्पादन गर्न आग्रह गर्नेछ । साथै उजुरकर्ता (हरू) आफै पनि आफनो सुरक्षा सम्बन्धमा चिन्तीत भएमा उनीहरूले समिति समक्ष आग्रह गरी सरकारलाई उनीहरूको वा बालकको सुरक्षाको विशेष व्यवस्था गर्न पहल गरिदिन आग्रह गर्न सक्ने छन ।

धारा ७–उजुरीको ग्राहयता (admissibility)

समितिले उजुरीको पुनरावलोकन गर्नु अगावै प्रथमतः उजुरीको ग्राहयता अथवा त्यस्तो उजुरी लाग्न सक्ने नसक्ने कुराको निर्क्योल गर्नु पर्दछ । समितिले कुनै अमुक उजुरी लिन नसक्ने देहायका धेरै कारणहरू हुन्छन :-

क) उजुरीमा कसैको नाम संलग्न नभएमा वा कसैको हस्ताक्षर नभएमा ।

ख) उजुरी लिखित रूपमा नआएमा ।

ग) महासन्धि वा यसका ऐच्छिक उपलखहरूप्रदत्त अधिकार हनन भएको स्पष्ट रूपमा उल्लेख नभएमा ।

घ) समितिले एकपटक उजुरीको पुनरावलोकन गरीसकेको भएमा । एकै विषयमा एकै समिति वा अन्य समिति वा निकायमा दुई पटक उजुरी गर्न सकिदैन ।

ङ) उजुरीवालाले आफनै देशमा उपलब्ध हर सम्भव उपायहरू अवलम्वन नगरेमा । तथापि राष्टियतहमा प्रकृयामा लामो समय लगाएमा वा विषयको समाधान सहयोगी र सन्ताषजनक नभएमा, समितिले त्यस्तो उजुरीलाई स्वीकार गर्न सक्नेछ ।

च) उजुरीको साथमा दशी प्रमाण संलग्न नभएमा ।

छ) सरकारले ओ पि सि पि अनमोदन गरी लागु हुनु भन्दा अगाडिको तथ्यमा आधारीत उजुरी भएमा । तथापी ओ पि सि पि अनुमोदन तथा लागु भै सकेपछि पनि निरन्तर अधिकार हनन भएको छ भने समितिले त्यस्तो उजुरी स्वीकार गर्न सक्ने छ ।

ज) आफनो देशमा भएको अन्तीम फैसलाको एक वर्ष भन्दा वढि म्याद नघाएर ढिलो गरी उजुरी दिएमा । तथापी यदि तपाईले समयमै उजुरी गर्न सक्न सम्भावना नरहेको उचित कारण पेश गर्नुभएको खण्डमा अपवादको रूपमा समितिले उजुरी स्वीकार गर्न सक्ने छ ।

धारा ८– सञ्चारको प्रसारण

समितिले उजुरीको वारेमा सम्वन्धीत सरकारलाई कसरी सुचना दिने भन्ने सम्वन्धमा यस धारामा व्यवस्था गरिएको छ ।

समितिले प्राप्त उजुरी पुनरावलोकन गर्ने निर्णय गरेमा, समितिले यथासक्य उजुरीको वारेमा सरकारलाई सुचना दिनछ । त्यस पश्चात सरकारले उजुरी सम्वन्धी तथ्य र आफनो भनाई/धारणा समिति समक्ष पेश गर्नु पर्दछ । सरकारले आफनो प्रतिउत्तर यथासक्य चाँडो समितिलाई उपलब्ध गराउनु पर्दछ ।

धारा ९–मैत्रीपूर्ण निकास

कुनै पनि उजुरीको अन्तीम फैसला/निर्णय गर्नु भन्दा समितिले दुवै पक्ष (उजुरोकर्ता र सरकार) लाई आपसि रूपमा काम गरी सवैले जितेको महसुस हुने गरी मैत्रीपूर्ण निकास अथवा समाधानमा पुग्न सहयोग गर्नेछ । यदि दुवै पक्षहरू मिलो मैत्रीपूर्ण रूपमा विवाद समाधान गर्न सकेमा त्यस्तो उजुरी प्रकृया मुल्तबीमा जानेछ वा वन्द हुनेछ ।

धारा १० – उजुरीको कारवाही

यस धारामा समितिले प्रत्यक उजुरीका लागी अवलम्वन गर्ने कदमहरूको वारेमा व्याख्या गरिएको छ ।

- आवश्यक सम्पूर्ण सूचना प्राप्त हुनासाथ समितिले यथासक्य चाँडो उजुरी माथिको कारवाही अगाडी वढाउँदछ ।
- समितिले उजुरीको पुनरावलोकन कारवाही वन्द सत्र (private session) मा गर्दछ ।
- समितिले अन्तरीम मापदण्डको आग्रह गरेको अवस्थामा (धारा ६ हेर्नुहोस) उजुरी सम्वन्धी कारवाही अझ छिटो रूपमा अगाडी वढाउँछ ।
- यदि उजुरीको विषय आर्थिक, समाजिक एवं सास्कृतिक अधिकार सँग सम्वन्धीत छ भने (जस्तै : स्वास्थ्य अथवा शिक्षाको अधिकार) समितिले प्रत्येक राष्ट्रको विशेष अवस्थालाई मनन गर्दछ किनभने राष्टहरूको श्रोत साधनको उपलब्धता एवं अवस्था फरक फरक हुन सक्दछ ।
- उजुरोको पुनरावलोकन सम्पन्न भै सकेपछि समितिले आफनो धारणा एवं सुझावहरू यथासक्य रूपमा सम्पूर्ण पक्षहरूलाई उपलब्ध गराउनेछ ।

धारा– ११ अनुगमन

यस धारामा कुनै पनि उजुरीको सम्बन्धमा समितिले दिएको धारणा एवं सुझावहरूलाई सरकारले कार्यान्वयन गर्नु पर्ने विषयमा व्याख्या गरिएको छ ।

समितिको सुझावहरूलाई सरकारले गम्भिरता पूर्वक लिनेछ ।

समितिले दिएको सुझावको कार्यान्वयन एवं समितिद्वारा सम्परिक्षण गरीएको अधिकार हननको विषयका सन्दर्भमा सरकारले कस्तो कदमहरू चाल्दछ भनि सरकारले लिखित रूपमा समिति समक्ष यथा सक्य चाँडो वा ६ महिना भित्र आफनो प्रति उत्तर/प्रतिवेदन पेश गर्नु पर्दछ ।

समिति र सरकार आवधिक रूपमा बालबालिका सम्बन्धि महासन्धि, यसका ऐच्छिक उपलेखहरू र बालअधिकार विषयमा छलफल गर्न भेट गर्ने छन । समितिले आफुले सरकारलाई दिएका सुझाव वा उजुरी सम्बन्धि विषय र सरकारका कदमहरूको बारेमा जिज्ञासा राख्न यस्ता भेटघाटको उपयोग गर्नेछ । दुवै पक्षहरूले विवादको मैत्री पूर्ण समाधान गर्न सके नसकेको विषयमा पनि यस्ता वैठकहरूमा समितिले जिज्ञासा राख्नेछ । (दफ ९ हेर्नुहोस)

धारा १२ – अन्तर- राज्य उजुरी कार्यविधि

यस दफाले एक राष्ट्रले अर्को राष्ट उपर उजुरी दिन सकिने विषय प्रकाश पार्दछ ।

यसको मतलव, बालबालिकाको प्रतिनिधिले समिति समक्ष उजुरी दिनुको सटटामा कुनै एक सरकारले गरेको बाल अधिकार हनन सम्बन्धि विषयलाई अर्को सरकारले दिने उजुरी बुझ्नु पर्दछ ।

यद्यपि यो सबै सरकारहरूका निमित्त लागु हुदैन । जस्तै यो व्यवस्थाको उपयोग गर्न चाहने राष्ट स्वयंले ओ पि सि पि अनुमोदन गरेको हुनु पर्दछ । साथै कुनै राष्टले अर्का राष्टलाई उजुरी गर्नको निमित्त सहमत भई स्वीकृति समेत दिएको हुनु पर्दछ । अर्को शब्दमा ओ पि सि पि लाई सरकारले अनुमादन गरेको आधारमा मात्र उक्त राष्ट्रले अन्य राष्ट्रलाई आफना विरूद्ध उजुरी दिन सहमत भएको वा स्वीकृति दिएको मानिदैन ।

भाग तीन – अनुसन्धान प्रकृया

धारा १३ र १४

उजुरी प्रकृया भन्दा यो अनुसन्धान प्रकृया भिन्न छ ।

बालबालिकाको अधिकार विरूद्ध धेरै गम्भिर र अनवरत नोक्सानी वा जोखिम छ भन्ने सुचना समितिले पाएमा त्यस्तो अवस्थाको अनुसन्धान समितिले गर्न सक्नेछ ।

समितिले आफनो अनुसन्धानमा सहयोग गर्न सरकारलाई आमन्त्रण गर्दछ र अनुसन्धान अवधिभर सम्पूर्ण प्रकृयाको सुचना समितिले सरकारलाई दिनेछ । अनुसन्धान पूर्णतः गोपनिय हुनेछ ।

समितिले अनुसन्धान गर्नका निमित्त सानो टोली गठन गर्ने छ । समितिल अनुसन्धान प्रकृयामा सम्बन्धित राष्ट्रको भ्रमण गर्नु पर्ने भए सो को निर्णय गर्नेछ तर त्यस्तो अनुसन्धान भ्रमण सम्बन्धित देशको सहमतिमा मात्र हुनेछ ।

जब अनुसन्धान सम्पन्न हुन्छ समितिले यथासक्य चाँडो अनुसन्धान प्रतिवेदन तथा सुझावहरू सम्बन्धित देशलाई दिनु पर्दछ । सरकारले यथासक्य चाँडो तर ६ महिना भित्रमा आफनो प्रतिउत्तर समिति समक्ष पेश गर्नु पर्दछ । समय समयमा, समितिले सरकारले स्थितिमा सुधार गर्न चालेका कदम एवं नयाँ कार्य योजना का बारेमा सोध्न वा सुचना उपलब्ध गराउन आग्रह गर्नेछ ।

समितिले अनुसन्धान प्रकृया शुरू गर्न उक्त सरकारले ओ पि सि पि को अनुमोदन गरेको हुनु पर्दछ । साथै अनुसन्धान प्रकृया सम्बन्धि व्यवस्था स्वीकार गर्ने कि नगर्ने भन्ने कुरा सरकारले ओ पि सि पि अनुमोदन गर्ने समयमा निर्णय गर्न सक्दछ । यस्तो प्रकृया स्वीकार गर्न नसक्ने गरी निर्णय गरेमा ती राष्टहरूमा अनुसन्धान प्रकृया अवलम्बन गर्न सकिदैन ।

सरकारले अनुसन्धान प्रकृया स्वीकार गरेको अवस्थामा पनि उसले कुनै पनि समयमा यो प्रकृया स्वीकार नगर्ने निर्णय गर्न सक्दछ ।

भाग चार – अन्तिम व्यवस्थाहरू

धारा १५ देखी २३

यस भागमा ओ पि सि पि का अन्य आयामहरूको बारेमा छलफल गरीएको छ। जस्तै ओ पि सि पि का व्यवस्थाहरू कसरी परीवर्तन गर्न सकिन्छ र यस सम्बन्धि जानकारी कसरी बाँडने भन्ने सम्बन्धमा व्याख्या गरीएको छ। अन्य विस्तृत कराहरू अन्तगत :

सहयोग

राष्टको अवस्था सुधार गर्नु पर्ने उजुरीका सन्दर्भमा समितिले सरकारको स्वीकृतिमा बाहिरिया विशेषज्ञ (जस्तै : अन्य राष्ट्र संघिय निकाय, बालबालिका आयोग, गैर सरकारी संस्था) को सल्लाह एवं सहयोगको लागि आग्रह गर्नेछ।

प्रतिवेदन सम्बन्धि

समितिले ओ पि सि पि सम्बन्धि आफनो कामकारवाहीको प्रतिवेदन प्रत्येक २ वर्षमा राष्ट्र सघिय महासभामा प्रस्तुत गर्नेछ।

सुचना सम्प्रेषण

सरकारले ओ पि सि पि सम्बन्धि सुचना बालबालिका, किशोर किशोरी अपाङ्गता भएका बालबालिका लगायत सबैलाई सम्प्रेषण गर्नु पर्दछ। ओ पि सि पि के हो र यो कसरी प्रयोगमा आउँछ भन्न कुरा सबै मानिसले थाहा पाउनु पर्दछ। साथै यसका सूचना एवं जानकारीहरू बालबालिकाले सजिलै संग बुझ्न सक्ने गरी सम्प्रेषित गर्नु पर्दछ।

लागु हुने अवस्था

दश राष्टले अनुमोदन नगरे सम्म ओ पि सि पि कार्यान्वयनमा आउन सक्दैन। साथै, सरकारले ओ पि सि पि अनुमोदन गरे पश्चात पनि उजुरी दिनको लागि तीन महिनाको समय पर्खनु पर्दछ।

अनुमोदन सम्बन्धि धेरै जानकारी तथा तपाईको सरकारले अनुमोदन गरे नगरेको जान्नको लागि, कृपया यस वेभ लिङ्क मा जानुहोसः www.ratifyop3crc.org/SpeakUp

उजुरी कार्यविधिका चरणहरु



आफ्नो ज्ञान परिक्षण गर्नुहोस

बहु छनौट प्रश्नहरु

तलका प्रत्येक प्रश्नहरुको सहि जबाफमा चिन्ह लगाउनुहोस

१. तपाइको अधिकार हो:

क. खाना, पानि, बास तथा स्वास्थ सेवा प्राप्त गर्ने

ख. सबै प्रकारका हिंसा बाट संरक्षण प्राप्त गर्ने

ग. शिक्षा एवं आफुलाई असर गर्ने बिषय को निर्णयमा सहभागि हुन पाउने

घ. माथिका सबै

२. समितिले आफुसंग प्राप्त हरेक उजुरीलाई कहिलेसम्म हेर्दछ:

क. ५ बर्ष भित्र

ख. जब समिति ले चाहन्छ

ग. यथासिघ्र चाढो (६ महिना भित्र)

घ. १० दिन भित्र

३. जब समितिले उजुरी पुनराबलोकन गर्छ, यसले

क. मीडिया (टेलिभिजन तथा रेडियो) लाई तुरुन्त खबर गर्दछ

ख. धेरै भन्दा धेरै मानिसहरुलाई उजुरीको विवरण सम्प्रेषण गर्दछ

ग. सरकार वा राष्ट्र लाई कहिलेपनि विवरण दिदैन

घ. माथिका कुनै पनि सहि छैनन्

४. समिति समक्ष कसले मात्र उजुरी दिन सक्दछ:

क. पिडितले

ख. पिडितहरुको समुहले

ग. पिडित र पिडितहरुको समुहको प्रतिनिधिले

घ. माथिका सबै

सहि वा गलत प्रश्नहरु

तलका टिप्पणीहरु सहि छन् वा गलत छन् दाया कोष्ठमा चिन्ह लगाउनुहोस

१.	पिडित बसोबास गर्ने राष्ट्र ले ओ पि सि पि अनुमोदन नगरेको भएतापनि उनीहरुले समिति समक्ष उजुरी गर्न सक्दछन	सहि वा गलत
२.	उजुरी कार्यविधि प्रकृयाभर समितिले बालबालिकालाई कुनै पनि नोक्सानी, हिंसा तथा दुरुपयोग बाट संरक्षण प्रदान गर्ने सुनिस्चितता गर्नु पर्दछ	सहि वा गलत
३.	समितिले प्राप्त गरेका हरेक उजुरीलाई विचार गर्दछ	सहि वा गलत
४.	समितिले पिडितलाई सहयोग गर्न सक्दछ र सरकार मैत्रीपुर्ण निकास को लागि मन्जुर हुन्छ	सहि वा गलत
५.	पीडितले आफ्नो राष्ट्र मा उपयुक्त समाधान प्राप्त गर्न धेरै ढिला भएमा उसले समिति समक्ष उजुरी गर्न सक्दछ	सहि वा गलत
६.	बालअधिकार सम्बन्धि महासन्धिका चार वटा ऐच्छिक उपलेखहरु छन्	सहि वा गलत
७.	ओ पि सि पि अनुमोदन गरेको सरकारले उजुरी कार्यविधि स्वीकार नगर्न सक्दैन	सहि वा गलत
८.	संचार कार्यविधि भनेको र उजुरी कार्यविधि भनेको एकै बिषय हुन्	सहि वा गलत

गज्यांग मज्यांग शब्दहरु

हरेक बाक्य को अन्तमा अक्षर गज्यांग मज्यांग भएको शब्द छ त्यसलाई सुद्ध शब्द बनाएर बाक्य पुरा गर्नुहोस |

उदाहरण: अर्को शब्द जुन संचार जस्तै धेरै प्रयोग मा आउछ त्यो हो ..... (रीउजु)

उत्तर: अर्को शब्द जुन संचार जस्तै धेरै प्रयोग मा आउछ त्यो हो **<u>उजुरी</u>**

१. संचार .....राष्ट्र संघिय महासन्धि को एक भाग हो। **(धिबिर्यका)**

२. बाल अधिकार समिति बाल अधिकार ..... समूह हो। **(कोज्ञहरुबी)**

३. समिति मा त्यसले उजुरी गर्न सक्छ जसको सरकारले ओ पि सि पि .....गरेको छ। **(मोनुअदन)**

४. ओ पि सि पि को धारा १३ ले अधिकारको गम्भीर.....सन्दर्भमा अपनाउने सोधपुछ प्रक्रिया को ब्याख्या गरेको छ। **(नहन)**

५. संसारक प्राय सबै राष्ट्रहरु .....को सदस्य छन्। **(क्तसंयु ष्ट्रा घसं)**

शब्द खोज

हेर्नुहोस त तपाई कोस्ठमा भएका शब्दहरु पत्ता लगाउन सक्नुहुन्छ कि?

कृपया ख्याल गर्नुहोस कि शब्दहरु दाया, बाया, तल, माथि, र तेर्सो रुपमा रहेका हुन सक्छन

	ओ	त्र	ई	प	ट्र	क	प	न	श	त्र
१. ओ पि सि पि	पि	उ	न	ह	स	क्ष	उ	ब	ग	ल
२. समिति	सि	ज्ञ	प	म	त्र	बा	द	ह	छ	त्र
३. संयन्त्र	पि	न्त्र	क	रि	स	मो	स	र	ई	ज्ञ
४. उजुरी	प	ल	ल	न्त	नु	प	सं	य	न्त्र	न
५. उपलेख	जु	र	छ	**अ**	**धि**	**का**	**र**	ध	क	छ
६. **अधिकार**	रि	मि	उ	ग	प	ज्ञ	री	क्ष	ई	छ
७. अन्तरिम	स	र	ज्ञ	ठ	क	जु	ट्र	ण	म	पु
८. अनुमोदन	स	मि	ति	र	उ	प	ले	ख	स	ध
९. गै स स	गै	ख	स	क्ष	प	ज	स	ध	क	सो
१०. सोधपुछ										

तपाई के सोच्नु हुन्छ? तल उल्लेखित प्रश्नहरु ख्याल गर्नुहोस:

१. बाल अधिकार महासन्धिको संचार कर्याबिधि सम्बन्धि तेस्रो ऐच्छिक उपलेख कत्तिको उपयोगी छ? कृपया तपाई किन यस्तो अनुभव गर्नु हुन्छ ब्याख्या गर्नुहोस |

२. मानिसहरुलाई बाल अधिकारवारे धेरै कुराहरु बुझ्न ओ पि सि पि ले कसरि सहयोग गर्दछ?

३. ओ पि सि पि सम्बन्धमा त्यस्तो कुनै समस्या छ? तपाइलाई के लाग्छ ब्याख्या गर्नुहोस?

४. ओ पि सि पि सम्बन्धि तपाई संग अन्य प्रस्नहरु छन्?

कृपया प्रस्नहरु लेख्नुहोस र आफुलाई विश्वास लागेको मानिस र आफ्नो प्रस्नको जवाफ खोज्न सहयोग गर्ने मानिस संग कुरा गर्नुहोस.

५. ओ पि सि पि वारे धेरै जान्न चाहने कोहि चिन्नु हुन्छ र उनीहरुलाई तपाई कसरि सहयोग गर्न सक्नु हुन्छ?

अनुसन्धान तथा वकालत

बालबालिका विरूद्ध हुने हिंसा सम्वन्धी संयुक्त राष्ट्र संघिय महासचिवका विशेष प्रतिनिधि

विशेष प्रतिनिधि बालबालिका विरूद्ध हुने सबै प्रकारका हिंसा विश्वबाटै उन्मुलन गर्न संसारभर कार्य परिचालन तथा राजनैतिक प्रतिवद्धता र सहयोगका लागि काम गर्ने एक स्वतन्त्र वकालतकर्ता हुनु हुन्छ । http://srsg.violenceagainstchildren.org/

उजुरी दिने विषय:

समिति समक्ष कसरि उजुरी दिने भन्ने कुरा जान्नको लागि कृपया यस लिंकमा जानुहोस: http://www.ohchr.org/EN/HRBodies/TBPetitions/Pages/HRTBPetitions.aspx

(बालअधिकार महासन्धिको संचार कार्यविधि सम्बन्धि ऐच्छिक उपलेख (ओ पि सि पि)

ओ पि सि पि को पूर्ण तथा अधिकारिक दस्ताबेज यस लिंक मा प्राप्त गर्न सक्नु हुनेछ: http://treaties.un.org/doc/source/signature/2012/CTC_4-11d.pdf

ओ पि सि पि अनुमोदन

ओ पि सि पि अनुमोदन सम्बन्धि धेरै जानकारी तथा तपाइको सरकारले अनुमोदन गरे नगरेको जान्नको लागि कृपया यस लिंकमा जानुहोस: www.ratifyop3crc.org

ओ पि सि पि सम्बन्धि धेरै जानकारी

संसार भरि बालअधिकार सम्बन्धि संघ संस्थाहरु ओ पि सि पि संग सम्बन्धित कार्यहरु बारे जनचेतना जगाउने कार्य सामुहिक रुपमा गर्दै आइरहेका छन्| तपाई यस वेब लिंकमा गएर त्यस सम्बन्धि श्रोत सामाग्रीहरु तथा ओ पि सि पि बारेमा धेरै कुराहरु जान्न सक्नुहुनेछ: www.ratifyop3crc.org

ओ पि सि पि संग सम्बन्धित धेरै सोधिने प्रश्नहरु बारे जानकारीकोलागि सहयोगी सामग्री तथा सरकारहरुलाई ओ पि सि पि अनुमोदन गर्न प्रोत्साहन गर्ने समुहहरुको लागि वकालत सामग्री यस वेब लिंक मा उपलब्ध छ: http://www.ratifyop3crc.org/material/

ओ पि सि पि सम्बन्धि कार्यविधिका नियमहरु

समितिले कसरि उजुरी प्राप्त र उजुरीको पुनराबलोकन गर्दछ तथा यसले कसरि सरकारहरुको लागि सुझाबहरु तय गर्दछ भन्ने सम्बन्धि ब्याख्या स रा सं को यस कागजात ले गर्दछ: http://www.ratifyop3crc.org/material/

".....भनेको के हो" सूचना सामग्री

हामीसंग What is... (".....भनेको के हो") भन्ने किताब छ | बालबालिका तथा किसोरकिसोरीको लागि संयुक्त राष्ट्र संघ को बारेमा विभिन्न जानकारी दिनको लागि १० वटा सूचना सामग्री निर्माण गरिएको छ | जस्तै:

* संयुक्त राष्ट्र संघ भनेको के हो?
* संयुक्त राष्ट्र संघिय महासभा भनेको के हो?
* सुरक्षा परिषद भनेको के हो?
* मानव अधिकार परिषद भनेको के हो?
* सन्धि तथा महासन्धि भनेको के हो?
* बाल सहभागिता भनेको के हो?
* विशेष प्रतिनिधि भनेको के हो?
* ओम्निबुस प्रस्ताब भनेको के हो?
* सि आर सि को संचार वा उजुरी कार्यविधि भनेको के हो?
* संयुक्त राष्ट्र संघिय बाल अधिकार सम्बन्धि महासन्धि भनेको के हो?

यस सम्बन्धि पूर्ण जानकारीको लागि यस लिंक मा जानुहोस र खोज कोस्ठमा के हो (what is....) भन्ने लेख्नुहोस तपाइले सबै १० सामग्री प्राप्त गर्नु हुनेछ |
http://resourcecentre.savethechildren.se/content/library

बाल अधिकार सम्बन्धि महासन्धि (सि आर सि)

बाल अधिकार सम्बन्धि महासन्धि र तपाइको अधिकार सम्बन्धि पूर्ण जानकारीको लागि माथि उल्लेखित श्रोत सामग्री हेर्नुहोस अथवा यस लिंकमा गएर तपाइले विभिन्न ५८ भाषामा बाल अधिकार सम्बन्धि महासन्धि पढ्न सक्नु हुन्छ | http://www.unicef.org/magic/briefing/uncorc.html

यस वेब लिंकमा अधिकारिक दस्ताबेज तथा बालमैत्री प्रति पनि संग्लन छ |

सि आर सि प्रतिबेदन सम्बन्धि गोजी निर्देशिका

यो निर्देशिका बालबालिका तथा किसोरकिसोरी, जो आफ्नो देशमा बालबालिकाको अधिकारको सम्मान कसरि गरिएको छ भन्ने विषय संयुक्त राष्ट्र संघको बाल अधिकार समिति समक्ष जानकारी दिन चाहन्छन, को लागि तयार गरिएको हो | यो निर्देशिका यस वेब लिंकमा मा प्राप्त गर्न सकिन्छ:
http://www.childrightsnet.org/ngogroup/infodetail.asp?ID=26268

बालबालिका बिरुद्ध हुने हिंसा अन्त गर्नको लागि यो मार्ग निर्देशन अबलम्बन गरौ

बालबालिका तथा किसोर किसोरीले भोगेका हिंसाहरु तथा बालबालिका बिरुद्ध हुने सबै प्रकारका हिंसाको रोकथाम तथा अन्त गर्न राष्ट्रहरुको लागि सिफारिस सहितको संयुक्त राष्ट्र संघिय अध्ययनको बारेमा यस पुस्तकले प्रकाश पर्दछ | यस पुस्तकले उक्त सुझाबहरुको कार्यन्वयन तथा अनुगमनको बारेमा पनि प्रकाश पर्दछ | वेब लिंक: http://resourcecentre.savethechildren.se/content/library/documents/let-us-follow-road-map-end-violence-against-children

तल उल्लेखित स्रोत सामाग्रीहरु यस वेब लिंकमा प्राप्त गर्न सकिन्छ:

http://resourcecentre.savethechildren.se/content/library

एक कदम अगाडी-बालबालिका तथा किसोर किसोरीका लागि वकालत सम्बन्धि हाते पुस्तिका

यदि तपाई बालबालिका विरुद्ध हुने हिंसा अन्त गर्नकालागी कुनै अनुसन्धान तथा बृस्तित वकालत योजना तयार पार्दै हुनुहुन्छ भने यो पुस्तक पढ्नुहोस | यसले परिवर्तनको लागि तपाइको कार्य योजना संयोजन गर्न मद्दत गर्दछ |

आफु वच र मलाई बचाऊ

७ देखि १२ बर्षका किसोर किसोरीकालागि संसारभरि बालबालिकाले भोगेका विभिन्न प्रकारका हिंसा सम्बन्धि बुझाउने पुस्तिका हो यसले उनीहरुलाई आफु कसरि हिंसा बाट बच्ने भन्ने केहि उपायहरुबारे जानकारी दिन्छ |

तिमि र म बराबर

यस पुस्तकले भेदभाव, यो कसरि हुन्छ र यसले बालबालिकालाई कसरि प्रभाव पार्दछ भन्ने विषयमा जानकारी प्रदान गर्दछ |

तिमि र म सहभागी बनौं

समाज र जीवनका हरेक पहलुमा १८ वर्ष भन्दा मुनिका बालबालिका तथा किसोर किसोरिलाई बल सहभागिता को बारेमा बुझाउन अभिप्रेरित गर्ने यो पुस्तकको उद्देस्य हो | साथै राष्ट्रिय तथा स्थानीय सरकारले बाल सहभागिताको अधिकार सुनिस्चित गर्न के गरिरहेको छ भनेर जानकारी दिनु पनि हो |

हिंसा बाट संरक्षण प्राप्त गर्ने हाम्रो अधिकार हो: बालबालिका तथा किसोर किसोरिका लागि सिक्ने तथा कार्य आरम्भ गर्ने तरिकाहरु

यस पुस्तकले बालबालिका बिरुद्ध हुने सबै प्रकारका हिंसा सम्बन्धि संयुक्त राष्ट्र संघिय अध्ययनको बारेमा बृस्तित जानकारी प्रदान गर्दछ | यसमा विभिन्न कार्य सुचीहरु उल्लेख गरिएको छ जसले बालबालिका बिरुद्ध हुने हिंसाको बारेमा बुझाउन र तपाइलाई विभिन्न कार्य आरम्भ गर्ने तरिकाहरु प्रदान गर्दछ |

बालबालिका बिरुद्ध हुने सबै प्रकारका हिंसा सम्बन्धि संयुक्त राष्ट्र संघिय महासचिवको अध्ययन: बालबालिकाको लागि तयार गरिएको

संयुक्त राष्ट्र संघिय अध्ययन प्रतिबेदन तथा सुझावहरुको बालमैत्री सारंश यसमा प्रतिबेदन अध्ययन गर्दा अथवा बालबालिका विरुद्ध हुने हिंसाको कुरा गर्दा आउने भाषा तथा शब्दहरुको उपयोगी शब्द भण्डारको व्यवस्था छ जसमा सजिलोको लागि त्यस्ता शब्दहरुको अर्थ तथा ब्याख्या गरिएको छ |

बालबालिका विरुद्ध हुने हिंसा सम्बन्धि विश्व प्रतिबेदन

बालबालिका विरुद्ध हुने हिंसा को कारण तथा असरहरुको बारेमा ब्याख्या गरिएको ३६४ पाना भएको बृस्तृत प्रतिबेदन हो | यसमा बालबालिका विरुद्ध घर तथा परिवारमा, कार्य स्थलमा, स्कूल/पाठसालाहरुमा, हेरचाह केन्द्र, न्याय प्रणाली र समुदायमा हुने हिंसाको बारेमा बृस्तृत विवरण प्रदान गर्दछ |

आफ्नो ज्ञान परिक्षण सम्बन्धि अध्यायको उत्तरहरु :

बहु छनौट प्रश्नहरु

१. उत्तर हो **घ**
२. उत्तर हो **ग**
३. उत्तर हो **घ**
४. उत्तर हो **घ**

सहि वा गलत

१. गलत
२. सहि
३. गलत
४. सहि
५. सहि
६. गलत
७. गलत
८. सहि

गज्यांग मज्यांग शब्दहरु

१. कार्यविधि
२. विज्ञहरु
३. अनुमोदन
४. हनन
५. संयुक्त राष्ट्र संघ

शब्द खोज

ओ	त्र	ई	प	ट्र	क	प	न	श	त्र
पि	उ	न	ह	स	क्ष	उ	**न**	ग	ल
सि	ज्ञ	प	**म**	त्र	बा	**द**	ह	छ	त्र
पि	न्त्र	क	**रि**	स	**मो**	स	र	ई	ज्ञ
प	ल	ल	**न्त**	**नु**	प	**सं**	**य**	**न्त्र**	न
जु	र	छ	**अ**	**धि**	**का**	**र**	ध	क	छ
रि	मि	उ	ग	प	ज्ञ	**री**	क्ष	ई	**छ**
स	र	ज्ञ	ठ	क	**जु**	ट्र	ण	म	**पु**
स	**मि**	**ति**	र	**उ**	**प**	**ले**	**ख**	स	**ध**
गै	ख	स	क्ष	प	ज	स	ध	क	**सो**

नोट / टिप्पणी

बालबालिका विरूद्ध हुने हिंसा सम्बन्धी राष्ट्र संघिय महासचिवका विशेष प्रतिनिधि बालबालिका विरूद्ध हुने सबै प्रकारका हिंसा विश्वबाटै उन्मुलन गर्न संसारभर कार्य परिचालन तथा राजनैतिक प्रतिवद्धता र सहयोगका लागि काम गर्ने एक स्वतन्त्र वकालतकता हुनु हुन्छ। विशेष प्रतिनिधिको आज्ञापत्र (mandate) राष्ट्रसंघिय अध्ययनको सुझाव अनुसार बालबालिका सम्बन्धी महासन्धि तथा अन्य अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेजमा आधारित रहेको छ।

बालबालिका विरूद्ध हुने हिंसा सम्बन्धी स.रा.सं महासचिवका विशेष प्रतिनिधिको कार्यालय

६३३- तेस्रो एभेन्यु, छैठौं तल्ला

न्यूयोर्क, १००१७, फोनः +१ २१२-८२४-६३२२

www.srsg.violenceagainstchildren.org

www.facebook.com/martasantospaispage

www.twitter/srsgvac

www.youtube.com/srsgvac